प्रतिदिन १७औँ वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ६३ ॥ २०८१ चैत २६ गते मंगलबार (8th Apr 2025 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# संसदीय समितिलाई सुझावै सुझाव

झापा(प्रस) । प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको टोलीले झापामा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सरोकारवालासंग सुझाव सङ्कलन गरेको छ ।

जिल्ला प्रशासन कार्यालयमा सोमवार आयोजित अन्तरक्रियामा समितिका सदस्य लालप्रसाद साँवा लिम्बू नेतृत्वको टोलीले उद्योग, व्यापार, श्रम, रोजगारी, उपभोक्ता अधिकारसँग सम्बन्धित विषयमा छलफल गरेको हो ।

छलफलमा चिया व्यवसायी आदित्य पराजुलीले नेपालबाट भारतर्फ चिया निर्यात गर्दा बारम्बार अवरोध उत्पन्न हुने गरेको गुनासो गरे । उनले स्पष्ट, दीर्घकालीन र व्यापारमैत्री नीति नहुँदा व्यवसायमा कठिनाइ भएको बताए । "अर्बौंको कारोबार हुने चिया निर्यातलाई सरल र सहज बनाउन सरकारले दिगो नीति ल्याउनुपर्छ", उनले जोड दिए ।

उपभोक्ता जागरण अभियन्ता



शालिग्राम भट्टराईले सुपारी निर्यातमा रोक लगाउनु किसान र व्यवसायी दुवैका लागि अहित भएको बताए । "सुपारीको डिएनए परीक्षण गर्नुपर्ने भन्दै मन्त्रलायले निर्यात रोक्दा हामीले न्यून मूल्यमा सुपारी बिक्री गर्न बाध्य भयौँ", उनले गुनासो गरे ।

नारी सञ्चारगृहकी पूर्वअध्यक्ष सावित्रा दाहालले झापाका उद्योगहरू भारतीय श्रमिकमा निर्भर हुने अवस्थालाई कम गरी नेपाली श्रमिकलाई रोजगारीको अवसर दिनुपर्ने बताइन् । उनले नेपाली श्रमिकलाई यहाँका उद्योगमा काम गर्ने वातावरण बनाउन समितिका सदस्यहरूलाई आग्रह गरिन् । कार्यक्रमका सहभागीले बजार अनुगमन नियमित नहुनु उपभोक्ताका लागि समस्या भएको बताएका थिए । गुणस्तरहीन, म्याद नाघेका तथा अखाद्य वस्तु खुलेआम बिक्री वितरण भइरहेकाले उपभोक्ताको स्वास्थ्यमा खतरा रहेको उनीहरूको भनाइ थियो । कार्यक्रममा प्राप्त सुझावप्रति गम्भीर ध्यानाकर्षण भएको समितिका सदस्य लिम्बूले बताए । "हामी नीतिगत तहमा यी समस्या समाधानतर्फ गम्भीर छौँ", उनले भने । समितिका सदस्य सांसद लिम्बूसँगै डोलप्रसाद अर्याल, कान्तिका सेजुवाल, रुक्मणी राना बराइली र सीता मिजारको रहेको उपस्थिति थियो । संसदीय समितिले नेपाल आयल निगम चारआलीको अनुगमन गरेको थियो । त्यस्तै सो समितिले १० मेगावाट क्षमताको शिवसताक्षीमा रहेको झापा इनर्जीको सौर्य ऊर्जाको पनि अवलोकन गरेको थियो । सांसद् एलपी साँवाको नेतृत्वमा आएको संसदीय समितिले झापा, मोरङ, सुनसरी र उदयपुरमा अनुगमन गर्ने कार्यसूची छ ।

# झापाका ७० प्रतिशतले गराए विमा



भद्रपुर(प्रस) । 'सवै नागरिकको स्वास्थ्य विमामा सहभागिता, सुरक्षित र स्वस्थ्य भविष्यको सुनिश्चितता' भन्ने मूल नाराका साथ नवौं स्वास्थ्य विमा दिवस मनाइएको छ । स्वास्थ्य विमा बोर्ड झापा जिल्ला सम्पर्क कार्यालयकी संयोजक लक्ष्मी कँडेलको सभापतित्व तथा जिल्ला समन्वय समिति प्रमुख विश्वनाथ बरालको प्रमुख आतिथ्यमा भद्रपुर नगरपालिकाको सभाहलमा विभिन्न सरोकारवाला निकायहरुको उपस्थितिमा स्वास्थ्य विमा दिवस सम्पन्न भएको हो । कार्यक्रममा झापा जिल्लाको स्वास्थ्य बिमाको वर्तमान अवस्थाबारे दर्ता अधिकारी रुद्र गौतमले प्रस्तुती दिएका थिए । उक्त प्रस्तुती अनुसार, झापा जिल्लामा सामाजिक सुरक्षाअन्तर्गत सरकारले ल्याएको स्वास्थ्य बिमाप्रति झापाका नागरिकको आकर्षण बढ्दै गएको देखिएको छ । आर्थिक बर्ष २०८०-८१ सम्ममा जिल्लाको कुल जनसंख्याको ६९.६७ प्रतिशत जनसंख्या स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध रहँदै नेपालको सबैभन्दा बढी बिमित भएको जिल्लाको रुपमा झापा जिल्ला रहेको छ । आठ नगरपालिका र सात गाउँपालिका गरी १५ स्थानीय तह रहेको यस जिल्लामा आर्थिक वर्ष २०८०- ८१

❖ बाँकी अन्तिम पृष्ठमा

# दुर्गा प्रसाईका दाई राकेश पक्राउ



झापा(प्रस) । प्रहरीले चैत १५ गतेको हिंसात्मक प्रदर्शनमा दोषी भनेर आरोप लागेका राजावादी आन्दोलनका कमान्डर दुर्गा प्रसाईका दाजु राकेश प्रसाईलाई पक्राउ गरेको छ । दुर्गा प्रसाईको सोधीखोजी गर्न राकेशलाई पक्राउ गरिएको प्रहरीको भनाई रहेको छ ।

काठमाडौंको पेरिसडाँडामा राकेश प्रसाईको निवास छ । निवासबाटै उनलाई पक्राउ गरिएको हो । भाइको दोषमा दाजुलाई पक्राउ गरेको भनेर सामाजिक सञ्जालमा सरकारको चर्को आलोचना भइरहेको छ ।

स्रोतका अनुसार राकेश प्रसाई पनि दुर्गा प्रसाईको राजावादी महाअभियानमा सक्रिय छन् । तर, तीनकुने घटनामा उनको कुनै संलग्नता अहिलेसम्म सार्वजनिक भएको छैन ।

चैत १५ गतेको राजावादी प्रदर्शन हिंसात्मक र अराजक बनेपछि कमान्डर दुर्गा प्रसाई एउटा गाडी मगाएर फरार भएका थिए। त्यही गाडी लिएर उनी झापा आइपुगेको र त्यहाँबाट प्रहरीले अहिलेसम्म अत्तोपत्तो लगाउन सकेको छैन ।

## दमककी तामाङद्वारा छिमेकीमाथि खुकुरी प्रहार

झापा(प्रस)। झैझगडाका क्रममा झापा दमककी एक महिलाले छिमेकीमाथि खुकुरी प्रहार गरेकी छन् ।

आइतवार राति ८.२० बजे दमक नगरपालिका वडा न. ७ श्रीपाली टोल बस्ने ५८ वर्षीय दलबहादुर राई र सोही ठाउँ बस्ने छिमेकी ६३ वर्षीया देवीमाया तामाङबिच मादक पदार्थ सेवन गरी सामान्य विवाद भई झैझगडा भएको थियो । त्यसक्रममा देबीमाया तामाङले दलबहादुर राईलाई धारिलो हतियार खुकुरी प्रहार गरेकी हुन् ।

खुकुरी प्रहारबाट दलबहादुरको दुबै हातमा चोट लागेको छ भने देवीमायाको बायाँ हातमा चोट लागेको छ । दुबै घाइतेलाई उपचारको लागि दमक अस्पताल दमक पठाएको र खुकुरी नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा ल्याई राखेको प्रहरीले जनाएको छ ।

## महिला प्रहरीमाथि हातपात गर्ने घिमिरे पक्राउ



झापा(प्रस)।महिला प्रहरीमाथि हातपात गर्ने हल्दिवारीकी एक महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

आइतवार राति ९ बजे हल्दिवारी गाउँपालिका वडा नम्वर २ वस्ने देवराज घिमिरेकी श्रीमती ३१ वर्षीया पवित्रा माखिम घिमिरेले मादक पदार्थ सेवन गरी घरपरिवारका सदस्यहरुलाई गालीगलौज एवं अपशव्द प्रयोग गरी झैझगडा गरिरहेकी थिइन् । त्यसको खबर पाएपछि प्रहरी चौकी हल्दिवारीबाट प्रहरी सहायक निरीक्षक कृष्णवहादुर मगरको कमाण्डमा महिला प्रहरीसहित टोली गएको थियो ।

झगडा गरिरहेकी ती महिलालाई सम्झाउने क्रममा उनले महिला प्रहरीमाथि नै हातपात गरेकी हुन् । उनले इलाम माइजोगमाई गाउँपालिका ४ घर भई इलाका प्रहरी कार्यालय बिर्तामोडमा दरवन्दी भएकी प्रहरी चौकी हल्दिवारीमा कार्यरत प्रहरी जवान प्रनिता देवानमाथि हातपात गरेकी हुन् । देवानको दुवै आँखामाथि सामान्य चोट लागेको छ । उनलाई स्थानीय मेडिकलमा उपचार गराइएको थियो ।

प्रहरी जवान देवानको चुस्तासमेत च्यातिएको छ । यसरी प्रहरीमाथि हातपात गर्ने घिमिरेलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय पठाइएको प्रहरीले जनाएको छ ।

## कुकुरले टोक्दा १२ जना घाइते



झापा(प्रस)। कचनकवल गाउँपालिकामा रेविज लागेको कुकुरको टोकाईबाट १२ जना घाइते भएका छन् । बनियानी स्वास्थ्य केन्द्रका प्रमुख जागेन्द्रप्रसाद यादवका अनुसार वडा नं. ६ मा तीन दिनयता कुकुरले टोकेर घाइते हुनेको संख्या १२ पुगेको हो ।

घाइते हुनेमा चार वर्षीया बालिकासहित चार जना महिला र आठ जना पुरुष छन् । पशु चौपायाको विवरण भने आउन बाँकी रहेको उनले बताए।

कुकुरको टोकाइबाट घाइते भएकाहरुलाई बनियानी स्वास्थ्य केन्द्रमा सोमवार विहानदेखि रेविजविरुद्धको खोप लगाउन सुरु भएको छ ।

उनले केन्द्रमा रहेको खोपले एक पटक मात्र पुग्ने भएका कारण थप खोप कोशी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग माग गरिसकेको बताए।

पालिकाका उपाध्यक्ष नवराज भट्टराईले कुकुर नियन्त्रणका लागि सोमवार विहानैदेखि पालिकाले कृषि र पशु शाखाका कर्मचारी सहित प्रहरी परिचालन गरिरहेको बताए।

## भारी मात्रामा प्रतिबन्धित औषधीसहित पक्राउ



झापा(प्रस)। भारी मात्रामा प्रतिबन्धित औषधीसहित झापाको दमकबाट एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सुनसरी रामधुनी ४ घर भई हाल झापा दमक ४ डेरा गरी बस्ने २६ वर्षीय विवेक माझी रहेका छन् । आइतवार दिउँसो २:३० बजे लागूऔषध मुद्धामा पक्राउ परेका मानिसहरूलाई सोधपुछका क्रममा खुल्न आएपछि इलाका प्रहरी कार्यालय उर्लाबारी र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको संयुक्त टोलीले ट्रामाडोल ९१८ पत्ता (९,१८० गोटी), स्पास्टिन १६५७ पत्ता (१६,५०० क्याप्सुल) र नगद रू.२ लाख ८९ हजारसहित फेला पारी माझीलाई नियन्त्रणमा लिएको हो । बरामद प्रतिबन्धित औषधि र नगदसहित माझीलाई आवश्यक कार्वाहीको लागि इप्रका दमकलाई बुझाएको जनाइएको छ ।

त्यस्तै भारतबाट मलद्वारमा ब्राउनसुगर लुकाएर ल्याउँदै गरेका बिर्तामोडका एक युवक पक्राउ परेका छन् । आज दिउँसो २:४५ बजे भद्रपुर नगरपालिका -५ मेची बिटबाट खटिएको प्रहरी टोली र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट भद्रपुरतर्फ आउँदै गरेको पैदल यात्री बिर्तामोड नगरपालिका-६ सरस्वती टोल बस्ने ३० वर्षीय सन्तोष भट्टराईलाई पक्राउ गरेको हो । उनले मलद्वारभित्र प्लाष्टिकले पोका पारी लुकाइ छिपाइ ल्याउँदै गरेको १० ग्राम २१०मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान तथा कानुनी कार्बाहीको लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको जनाइएको छ ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# कांग्रेसको संगठन सुदृढीकरण अभियान

अर्जुनधारा(प्रस)।नेपाली कांग्रेस कोशी प्रदेश सभापति तथा पूर्व मुख्यमन्त्री उद्धव थापाले नेपाली कांग्रेस विचारले बनेको पार्टी भएकाले विधि, विधानविपरित गतिविधि गर्नेहरु वैचारिक र राजनीतिक रुपमा समाप्त भएर जाने बताएका छन् ।

नेपाली कांग्रेस झापाको एकमहिने संगठन सुदृढीकरण अभियानअन्तरगत झापाको अर्जुनधारा नगर समितिद्वारा आयोजित अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै कांग्रेस नेता कार्यकर्ताले




विरोधको भाषामात्र होइन रचनात्मक सुझाव र संगठन बलियो बनाउने कार्यमा क्रियाशील रहनुपर्नेमा जोड दिए ।

सामाजिक सञ्जालमा आएका भ्रमपूर्ण प्रचार र बजार हल्लाका पछि नलागी पार्टी नीति, सिद्धान्त र विचार अनुसार अघि बढ्न सबैमा आग्रह गर्दै नेता थापाले मुहान धमिलो भएको आरोप लगाएर कुलो भत्काउने कार्यमा लाग्न नहुने बताए । लोकतन्त्रमा गलत गर्नेहरुमाथि कानुनी कारबाही हुने भएकाले पार्टीका कोही ब्यक्ति गलत हुनेवित्तिकै समग्र पार्टी गलत नहुने धारणा राखे ।

पार्टीको नीति, सिद्धान्त र विचारविपरित गतिविधि गर्ने र आर्थिक अनुशासन पालना नगर्नेलाई १५ औं महाधिवेशनमा कार्यकर्ताले उचित ब्यवस्थापन गर्ने भनाई राख्दै सभापति थापाले हजारौं योद्धा र शहीदहरुको बलीदानबाट प्राप्त लोकतन्त्र, संविधान र पार्टी जोगाउन अझै पनि लाखौं कार्यकर्ता तयार रहेको बताए ।

कार्यक्रममा एकमहिने अभियानअन्तरगत झापा क्षेत्र नं-२ का लागि जिल्ला प्रतिनिधि एवं नेपाली कांग्रेस झापाका उपसभापति शेरबहादुर भट्टराईले महाधिवेशनले दिएको म्याण्डेटविपरित बोल्ने अधिकार कसैलाई नभएको बताउँदै पार्टीको नीति र सिद्धान्त विपरित टिकाटिप्पणी गर्ने नेताहरुलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताए ।संविधानले किनारा लगाइसकेको राजतन्त्र फर्कने सम्भावना नभएको बताउँदै उपसभापति भट्टराईले पार्टी चलायमान बनाउन टोल, वडा समितिदेखि सबै तहगत संगठन चलायमान हुनुपर्ने बताए ।

नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले पार्टीको फोरम र जनमानसमा के बोल्ने र के नबोल्ने भन्ने विषय बुझ्न जरुरी रहेको बताउँदै वि.पी.ले ल्याएको प्रजातान्त्रिक समाजवादी नीतिको पूर्ण अंगिकार गर्नुपर्ने बताए ।

महासमिति सदस्य दीपक तामाङले मन्तब्य राखेको अन्तरक्रियात्मक कार्यक्रममा सहभागीका तर्फबाट जीवन थापा, शेखरनाथ अधिकारी, महेश ढकाल, खगेन्द्रविक्रम नेम्बाङ, महेश दाहाल, यज्ञलाल श्रेष्ठ, राम तामाङ, ध्रुवकुमार खाती, मदन ढकाल लगायतले आ-आफ्ना धारणा राखेका थिए । नेपाली कांग्रेस अर्जुनधारा नगर समितिका सभापति एवं कार्यक्रमका सभापति हेमराज खरेलले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत उपसभापति प्रशान्त भण्डारी र सञ्चालन सचिव इन्दिबर खड्काले गरेका थिए ।

# कलाकार एनी कुँवर पक्राउ

झापा(प्रस)। काठमाडौंको तीनकुनेमा भएको घटनाका सम्बन्धमा अनुसन्धानका लागि प्रहरीले एनी कुँवरलाई पक्राउ गरेको छ।

कलाकारसमेत रहेकी कुँवर पूर्वपत्रकार समेत हुन्। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुको टोलीले पक्राउ गरेको हो।

चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनबारे अनुसन्धानका क्रममा कुँवरलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक अङ्कुर जिसीले जानकारी दिए। 'पत्रकार सुरेश रजक जलेको घरमा निज कुँवर देखा परेको र त्यस घटनाबारे अनुसन्धानका लागि पक्राउ गरिएको हो, बिना अनुमति कसैको घरमा पस्नु गलत हो,' उनले भने।

# देशमा वायु प्रदूषण दुईतिहाइले बढ्यो

झापा(प्रस) । नेपालमा वायु प्रदूषण नयाँ विषय होइन। तर नियन्त्रणमा सरकारको निष्क्रियता रहँदा पछिल्लो अढाई दशकमा श्वास फेर्ने हावामा प्रदूषणको स्तर ६३ प्रतिशतले वृद्धि भएको छ।

काठमाडौं र देशका मुख्य शहरी क्षेत्रको वायुमा अचाक्ली धूवाँ-धूलो मिसिएर हावा श्वासै फेर्न कठिन हुनेगरी बिग्रिएपछि प्रदूषणबारेको चर्चा बाक्लिएको छ।

वन डढेलो, कलकारखाना, इँटाभट्टा र पातपतिंगर लगायत फोहोर जलाएको धूवाँले हरेक हिउँदमा काठमाडौंको वायुलाई तुवाँलोमय बनाउने गरेको हो। फरक यत्ति हो, पछिल्ला दशकहरूमा सवारीसाधनको घनत्व बढेसँगै र कलकारखानाको संख्या थपिएसँगै प्रदूषणको मात्रा पनि बढेको छ।

पछिल्लो अढाई दशकमा मुलुकमा वायु प्रदूषण झन्डै दुईतिहाइले थपिएको छ। सन् १९९८ मा देशको हावामा पीएम २.५ भनिने आँखाले देख्न नसकिने धूलो कण वार्षिक सरदरमा २६.२७ माइक्रोग्राम प्रतिघनमिटर हुने गर्थ्यो, जुन अहिले ४२.८ माइक्रोग्राम प्रतिघनमिटर पुगेको छ। यसले बितेका अढाई दशकमा हावाको प्रदूषण ६३ प्रतिशतले बढेको देखाउँछ।

अमेरिकाको युनिभर्सिटी अफ सिकागाले एअर क्वालिटी लाइफ इन्डेक्स प्रतिवेदन मार्फत वायु प्रदूषणले संसारभरिका मानिसको कति वर्ष आयु घटाइरहेको छ भन्ने तथ्यांक दिन्छ। यसका लागि भूउपग्रहले खिचेका उच्च रिजोलुशनका तस्वीरको प्रयोग गर्छ र जमीनको सतह नजीकको पीएम २.५ भनिने सूक्ष्म कणहरूको मात्रा नाप्छ। एअर क्वालिटी लाइफ इन्डेक्सका अनुसार सन् १९९८ मा नेपालको हावामा वार्षिक सरदरमा पीएम २.५ को मात्रा २६.२७ माइक्रोग्राम प्रतिघनमिटर थियो। यो सन् २००० को दशकमा ह्वात्तै उक्लियो। सन् २००९ मा त नेपालमा पीएम २.५ को मात्रा सरदरमा ४९.१९ सम्म पुग्यो। तर सन् २०२२ मा यो ३९.१८ मा सीमित भएको यसको तथ्यांक छ। यो २४ वर्षअघिका तुलनामा आधा जतिको वृद्धि हो।

एअर क्वालिटी लाइफ इन्डेक्सको सन् २०२३ र २०२४ को वायु गुणस्तर सम्बन्धी तथ्यांक उपलब्ध भइसकेको छैन। विश्वभरिका वायु गुणस्तर मापन केन्द्रको तथ्यांकका आधारमा स्वीट्जरल्यान्डस्थित संस्था आईक्यू एअरले प्रकाशित गरेको प्रतिवेदन अनुसार सन् २०२४ मा नेपालको हावामा पीएम २.५ को मात्रा ४२.८ माइक्रोग्राम प्रतिघनमिटर छ। यो २६ वर्षअघिको तुलनामा ६३ प्रतिशतको वृद्धि हो।

विश्व स्वास्थ्य संगठनले वार्षिक रूपमा स्वस्थ हावामा पीएम २.५ को मात्रा ५ माइक्रोग्राम प्रतिघनमिटरभन्दा बढी हुन नहुने मापदण्ड तोकेको छ। स्वस्थ हावाका लागि तोकिएको सुरक्षित सीमाभन्दा नेपालको हावामा आठ गुणाभन्दा धेरै धूलोको कण छ। जसकारण नेपाल संसारकै खराब हावा भएका मुलुकको सूचीको सातौं स्थानमा छ। हावामा प्रदूषणको मात्रा थपिँदै जाँदा यसको प्रभावले सरदर आयु पनि घटाइरहेको तथ्यांकले देखाएको छ। एअर क्वालिटी लाइफ इन्डेक्सका अनुसार सन् १९९८ मा वायु प्रदूषणका कारण नेपालीको औसत आयु २.०८ वर्षले घट्ने गरेकामा यो अहिले ३.३५ वर्षले घटिरहेको छ।

एअर क्वालिटी लाइफ इन्डेक्सको तथ्यांकले नेपालभित्र बागमती र लुम्बिनी प्रदेशमा तीव्र गतिमा वायु प्रदूषण बढेको देखाउँछ। सन् १९९८ मा बागमती प्रदेशमा पीएम २.५ को मात्रा १८.९२ माइक्रोग्राम प्रतिघनमिटर रहेकामा सन् २०२२ मा आइपुग्दा यो ६५.७५ प्रतिशतले बढेको देखिएको छ। यस अवधिमा लुम्बिनीमा प्रदूषण ६२.६९ प्रतिशतले बढेको छ भने सबैभन्दा कम कोशीमा पीएम २.५ को मात्रा ३३.४ प्रतिशत मात्रै बढेको छ।

जिल्लागत आधारमा हेर्दा यस अवधिमा सबैभन्दा धेरै प्रदूषण हुम्लामा बढेको छ। सन् १९९८ मा हुम्लामा पीएम २.५ को मात्रा ८.४६ माइक्रोग्राम प्रतिघनमिटर रहेकामा सन् २०२२ मा आइपुग्दा यो १६.२३ पुगेको छ। यो ९१.८ प्रतिशतको वृद्धि हो। त्यसैगरी, दाङ, नवलपुर, चितवन, काठमाडौं जस्ता जिल्लामा बढी मात्रा प्रदूषण बढेको छ।

काठमाडौंमा यस अवधिमा तीनचौथाइले वायु प्रदूषण बढेको छ। सन् १९९८ मा काठमाडौंमा पीएम २.५ को मात्रा १७.८७ माइक्रोग्राम प्रतिघनमिटर रहेकामा यो सन् २०२२ मा आइपुग्दा ३१.३३ पुगेको छ। काठमाडौंमा सवारीसाधनको संख्या अचाक्ली बढेसँगै हावामा धूलो-धूवाँको मात्रा पनि तीव्र गतिमा बढेको हो।

पछिल्लो एक महिनायता काठमाडौं उपत्यका लगायत देशैभरि वायुको गुणस्तर निकै खस्किएको छ। यस अवधिमा काठमाडौंवासीले कुनै दिन राम्रो हावामा श्वास फेर्न पाएका छैनन्। गत साता त यो थप बिग्रिएर काठमाडौंका विभिन्न स्थानमा वायु गुणस्तर सूचकांक ३०० हाराहारीसम्म पुग्यो। हावाको गुणस्तर सूचकांक ५० सम्म हुनुलाई राम्रो मानिन्छ, १०० सम्मलाई ठीकठीकै मानिए पनि त्यसभन्दा माथि पुग्नु नराम्रो हो। यो सूचकांक २०१ बाट माथि लाग्नु त असाध्यै खराबको कोटिमा पर्छ। बितेको साता काठमाडौंमा सातमध्ये ६ दिन हावाको गुणस्तर असाध्यै खराबमा दरियो।

गत साता बृहत् नागरिक आन्दोलनले वातावरणीय र स्वास्थ्य आपत्कालकै स्थिति निम्तिए पनि सरकार असंवेदनशील भएको र प्रदूषण रोक्न उपयुक्त पहलकदमी नलिएकामा विरोध जनाउँदै विज्ञप्ति जारी गरेको छ। आन्दोलनले नेपालमा वार्षिक ४८ हजार नागरिकको मृत्यु वायु प्रदूषण सिर्जित रोगका कारण हुने गरेको उल्लेख गर्दै संगीन संकटबार पार पाउन सरकारलाई तत्कालै कदम चाल्न पनि सचेत गराएको छ।

## झापाका...

सम्म ६,९५, ३७५ जनाले स्वास्थ्य बिमा गराएका छन् । यस जिल्लामा सबैभन्दा बढी दमक नगरपालिकाका नागरिकले स्वास्थ्य बिमा गराएको देखिन्छ । स्वास्थ्य बिमा बोर्ड सम्पर्क शाखा कार्यालयको तथ्याङ्क अनुसार त्यहाँ १,११,०८० जना नागरिकले स्वास्थ्य बिमा गराएका छन् भने सबैभन्दा कम बिमित झापा गाउँपालिकामा १४,९७४ जना रहेको पाईन्छ । त्यस्तै लक्षित वर्ग समूहमा पनि धेरै नागरिकहरु यस कार्यक्रममा समावेश रहेको पाइएको छ । त्यस्तै गुणस्तरीय स्वास्थ्य सेवा सर्वसाधारणलाई प्रदान गरी स्वास्थ्य सेवाको सुनिश्चित गर्ने लक्ष्यका साथ जिल्लामा २६ वटा स्वास्थ्य सेवा प्रदायक संस्थाहरु स्वास्थ्य बिमा कार्यक्रममा सूचीकृत रहँदै स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको तथ्यांक जिल्ला सम्पर्क कार्यालयसंग रहेको कुरा जिल्ला संयोजक लक्ष्मी कँडेलको भनाइ छ ।

नवौ स्वास्थ्य बिमा दिवस मनाउन जिल्लामा आयोजना गरिएको कार्यक्रममा विभिन्न पालिकामा दर्ता सहयोगीको रुपमा रहेर कुशल र इमान्दारितापूर्वक कार्य गर्ने सम्पूर्ण दर्ता सहयोगीहरुलाई विशेष धन्यवाद दिँदै प्रत्येक पालिकाबाट सबैभन्दा बढी नागरिकको बिमा गराउन सफल दर्ता सहयोगीहरुलाई प्रशंसापत्रसहित सम्मान गरिएको छ । यसरी सम्मानित हुनेहरुमा दमक नगरपालिकाबाट गोविन्दराज बस्नेत, बिर्तामोड नगरपालिकाबाट कमला चापागाईं, भद्रपुर नगरपालिकाबाट लिला काफ्ले, कनकाई नगरपालिकाबाट सबिना ढकाल, मेचीनगर नगरपालिकाबाट धनकुमारी न्यौपाने, अर्जुनधारा नगरपालिकाबाट निर्मल ढकाल, गौरादह नगरपालिकाबाट सिर्जना घिमिरे, शिवसतासी नगरपालिकाबाट यमकुमारी सिलवाल, हल्दिवारी गाउँपालिकाबाट ओमप्रकाश आचार्य, बुद्धशान्ति गाउँपालिकाबाट मेनुका आचार्य, झापा गाउँपालिकाबाट बद्रि प्रसाई, कचनकवल गाउँपालिकाबाट इन्दुकुमारी सुबेदी, गौरीगञ्ज गाउँपालिकाबाट दिपकप्रसाद यादव, बाह्रदशी गाउँपालिकाबाट पिंकी साह, कमल गाउँपालिकाबाट अनिता शिवाकोटी रहेका छन् । त्यस्तै झापा जिल्ला कार्यालयमा रहेर २०७४ देखि कार्यालयका विभिन्न कार्यहरुमा अनवरत रुपमा सहयोग गर्ने भद्रपुर निवासी अजय सुबेदीलाई समेत सम्मान गरिएको छ ।दर्ता अधिकारी राधा रिमाल अधिकारीले संचालन र सुलोचना साहको स्वागत मन्तव्य रहेको कार्यक्रममा स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाह्रकोटी, गौरादह नगर अस्पतालका प्रमुख हरिप्रसाद घिमिरे, भद्रपुर नगरपालिकाका प्रशासकीय अधिकृत सुनिल निरौला, ओम साइ पाथिभरा अस्पतालका प्रशासन प्रमुख दिप पौडेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,कनकाई नगरपालिका वार्ड नं.-८ मा बस्ने श्री मैदासिंह तामाङका नाति, मानबहादुर तामाङका छोरा, राजकुमार तामाङको मिति वि.सं.२०८१/०६/०१ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय दुर्गापुरमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा श्री प्रकाश तामाङले मिति वि.सं.२०८१/१०/२७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (तिन) ०३ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८१-१२-२६

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०३ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **०३ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **०४औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**शाखा कार्यालय :- दमक**

| ऋणीको नाम थर तथा तिनपुस्ते बिवरण | धितो सुरक्षणको बिवरण |
|---|---|
| १. **ऋणी** : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा मिति २०७५/०६/२१ मा दर्ता नं. २००५३८/०७५/०७६ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना मोरङ्ग जिल्ला उर्लावारी न.पा वडा नं. ०४ भै हाल सोही स्थान स्थित **कात्यायनी हेरिटेज रिसोर्ट प्रा. लि**. का तर्फबाट ऐ. कम्पनीका संचालक हरि ढकाल को नाति, रेवतीराज ढकालको छोरा नागरीकता बमोजिम मोरङ जिल्ला, उर्लावारी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा.वडा नं. ०८ बस्ने, मिति २०४८/०४/३० मा जिल्ला प्रशासन कार्यालय मोरङबाट जारी गरिएको ना.प्र.नं. १९३/२०७१४ भएको वर्ष ५० को **मोहन ढकाल** ।<br>२. **ऋणी** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७३/०३/०५ मा प्रा.फ.नं./प.लि.नं. ६२८/२१२/१२६१२ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला दमक. न.पा. वडा नं. १३, भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ८ स्थित **कात्यायनी इन** का तर्फबाट ऐ. का प्रोप्राइटर कमल नारायण मल्लिक की छोरी, मोहन ढकाल की पत्नी, मोरङ जिल्ला उर्लावारी गा.वि.स., वडा नं. ६, स्थायी ठेगाना भै हाल झापा जिल्ला दमक न.पा. वडा नं. ८, बस्ने मिति २०५७/०९/१० मा जिल्ला प्रशासन कार्यालय, झापावाट जारी गरिएको ना.प्र.प.नं.४०९/२२३१ भएकी बर्ष ४७ की **एकता मल्लिक** । | १. **मोहन ढकाल**को नाममा भुमिसुधार तथा मालपोत कार्यालय दमकमा, दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ०४ स्थित कि.नं.५१९२ को क्षेत्रफल ०-१-० ( बि.क.धु.) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. **एकता मल्लिक**को नाममा भुमिसुधार तथा मालपोत कार्यालय दमकमा, दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ०४ स्थित कि.नं. ५१९३ को क्षेत्रफल ०-१-११ (बि.क.धु.) र झापा जिल्ला, दमक न.पा वडा नं. १३ स्थित कि.नं. २०३ को क्षेत्रफल ६७८ (ब.मि.) जग्गा र उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. **एकता मल्लिक**को नाममा भुमिसुधार तथा मालपोत कार्यालय बेलवारीमा, दर्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ०५, स्थित कि.नं.४७६९ को क्षेत्रफल ०-१-० (बि.क.धु.) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| **धितो / व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण** | |
| नाम : मोहन ढकाल<br>बाबु : रेवतीराज ढकाल<br>बाजे : हरी ढकाल<br>ना.प्र.नंः १९३/२०७१४ (मोरङ)<br>ठेगाना : मोरङ जिल्ला, उर्लावारी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा.वडा नं. ०८ बस्ने । | नाम : एकता मल्लिक<br>बाबु : कमल नारायण मल्लिक<br>पति : मोहन ढकाल<br>ना.प्र.नं : ४०९/२२३१ (झापा)<br>ठेगाना : मोरङ जिल्ला उर्लावारी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा वडा नं. ०८ बस्ने । |
| **कर्जाको प्रकार :- व्यवसायीक आवधिक कर्जा** | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षेरपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# शिक्षकहरुको आन्दोलन

देशभरका शिक्षक विद्यालय बन्द गरेर राजधानीमा आन्दोलन गरिरहेका छन् । नेपालमा वर्षेनि शिक्षकहरु आन्दोलनमा उत्रिरहन्छन् । आखिर शिक्षकहरु वर्षेनि आन्दोलनमा उत्रिनुपर्ने कारण के हो त ? नेपालमा शिक्षक आन्दोलन कहिलेदेखि सुरु भयो र कहिलेसम्म चलिरहन्छ कुनै अनुमान गर्न सकिँदैन । एउटा कुरा चाहिं के सत्य हो भने जबसम्म शिक्षकहरुले पेशागत हकहितका लागि सडकको सहारा लिइरहनुपर्ने हुन्छ तबसम्म शिक्षामा परिवर्तनको अपेक्षा नगर्दा हुन्छ। किनभन्दा पेशागत हकअधिकारको सुनिश्चितता नभएको शिक्षकले पहिलो आफ्नै जागिरको चिन्ता गर्दछ । त्यसपछि मात्र विद्यालय, कक्षाकोठा र विद्यार्थीको भविष्यको चिन्ता गर्नसक्छ । शिक्षकको आँखामा आँसु, मुटुमा पीडा र मस्तिष्कमा तनाब भइरहेसम्म हाम्रो शिक्षा राम्रो हुनसक्ने देखिँदैन ।

पचासौँ वर्षसम्म उही प्रकृतिको शिक्षक आन्दोलन किन ? शिक्षक आन्दोलनले किन विरासत प्राप्त गर्न सकेन ? पेशागत अधिकारका लागि एउटा शिक्षकले जीवनभर लडिरहनु पर्ने किन ? नमागेसम्म नपाइने, पेसागत अधिकारको लडाइँमा सडकमा सुतिरहनु पर्ने सूत्रले शिक्षा राम्रो हुने कल्पना गर्न सकिँदैन । राज्य आफैँले शिक्षा कसरी राम्रो हुन सक्छ ? शिक्षक कसरी उच्च मनोबलयुक्त र अभिप्रेरित ढंगले पेसागत कार्यमा सहभागी हुनसक्छ ? शिक्षकको सक्षमता र दक्षतालाई कसरी बढीभन्दा बढी दोहन गर्न सकिन्छ भनेर चिन्तनमनन गर्ने समय कहिले आउला ? यसरी राज्य आफैं प्रोयाक्टिभ भएर शिक्षकको विषयमा र शिक्षाको विषयमा सोच्ने, योजना गर्ने र कार्यान्वयन गर्न सक्षम नहुँदासम्म शिक्षक आन्दोलन अन्नत श्रृंखलाका रुपमा चलिरहन्छ ।

२०५७ सालयता शिक्षक दरबन्दी थपिएको छैन । यो बीचमा सबैका लागि शिक्षा अभियानले विद्यालय र विद्यार्थीको भारी वृद्धि गर्यो तर शिक्षक दरबन्दी थपिएन । राहत अनुदानकोटा, एसआइपी अनुदान, पिसिएफ कोटा र पालिका शिक्षकका नाममा शिक्षकको तदर्थ व्यवस्थापन गरियो । यही तदर्थ व्यवस्थापनका कारण मुलुकले विभिन्न शैक्षिक समस्याहरु भ्झेलिरहेको छ ।

यसरी राहत र इसिडी कोटामा दशकौं काम गर्ने अवस्था सुखद होइन । अहिले त्यही राहत र इसिडी कोटामा बीसौँ वर्षसम्म काम गरेर जवानी रित्ताएका शिक्षकले स्थायी हुन खोज्नु अन्यथा होइन । आफैंले अध्यापन गरिरहेको कोटामा परीक्षा उत्तीर्ण गरेर स्थायी रुपमा काम गर्छु भन्नु सामाजिक न्यायका हिसाबले ठिकै पनि होला । जहाँसम्म अध्यापन अनुमतिपत्र लिएर लाखौंको संख्यामा शिक्षक प्रतिष्पर्धाका लागि पर्खिरहेका शिक्षकको कुरा छ राहत अनुदान दरबन्दीमा परिणत हुँदा यसमा पहिलो हक काम गरिरहेकै शिक्षकको लाग्छ । परीक्षा हुँदा आधाभन्दा बढी असफल हुने निश्चित छ। त्यसमा खुला प्रतिष्पर्धा गर्दा प्रतिक्षामा रहेका उम्मेदवारको पनि माग पूरा हुने अवस्था बन्छ । अर्को कुरा राहत कोटामा कार्यरत शिक्षककै जोडबलले यो कोटा शिक्षक दरबन्दीमा परिणत हुँदैछ । यसैले पनि यो कोटामा उहाँहरुको पहिलो अधिकार स्थापित गर्दा सामाजिक न्यायका हिसाबले पनि उपयुक्त हुने देखिन्छ ।

शिक्षक विद्यार्थीको आन्दोलन लामो समय जानु हुँदैन । कथमकदाचित यो लामो भयो भने अनेपेक्षित नतिजाहरु देखिन सक्छन् । यसैले बिलम्ब नगरी शिक्षक आन्दोलनलाई बैठान गरिनु पर्दछ । शिक्षक आन्दोलनको समाधान गरिनु पर्दछ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# आर्थिक वृद्धि र मूल्यमा सन्तुलन



• डा.चन्द्रमणि अधिकारी

अहिले नेपाल सरकारको अर्थ मन्त्रालय तथा सम्बन्धित निकाय आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा प्रक्रियामा व्यस्त छन् । बजेट एक राजनीतिक, संवैधानिक तथा आर्थिक र सामाजिक दस्ताबेज हो । विद्यमान विश्व अर्थराजनीतिक अवस्था र नेपालको आफ्नै अर्थतन्त्रको चरित्रको विश्लेषणलाई मध्यनजर गरी समृद्धिमुखी, नतिजामुखी, समाज प्रधान, सबै दृष्टिले सन्तुलित र कार्यान्वयन योग्य बजेट निर्माण गर्नु चुनौतीपूर्ण कार्य हो । बजेट निर्माण गर्दा उच्च आर्थिक वृद्धि एउटा प्रमुख लक्ष हो भने मुद्रास्फीतिलाई पनि सन्तुलनमा राख्नु पर्छ ।

नेपालले लिएको आर्थिक सामाजिक बाटोमा पर्ने बिसौनी र गन्तव्य हेर्दा बजेटले सर्वप्रथम त आउँदो साल वा सन् २०२६ मा नेपाल विकासोन्मुख राष्ट्रमा स्तरोन्नति भएपछि जुर्ने अवसरको उपयोग र अन्तर्राष्ट्रिय व्यापार तथा सहयोगका विषयमा देखिन सक्ने चुनौतीको सामना गर्ने रणनीति र कार्यक्रमअघि सार्नुपर्ने हुन्छ भने सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गरी आफूलाई मध्यम आय भएको राष्ट्रको श्रेणीमा उभ्याउनलाई सहयोग पुर्‍याउने कार्यक्रमलाई गति दिनु पनि त्यत्तिकै आवश्यक छ । यसबाहेक अर्को गन्तव्य छ २०२१ सालसम्ममा नेपाललाई एउटा समृद्ध राष्ट्र बनाउने । कुनै पनि देशले आफ्नो दीर्घकालीन गन्तव्य निर्धारण गर्नु स्वाभाविक हो ।

नेपालले अघि सारेको पच्चीस बर्षे दीर्घकालीन विकास रणनीतिले सन् २०४३ सम्ममा देशबाट सबै प्रकारका विभेद, बहिष्करण र वञ्चितीकरण समाप्त गरी समाजवादउन्मुख समृद्ध अर्थव्यवस्थाको निर्माण गरी सक्ने गन्तव्य तोकेको छ । पन्ध्रौँ आवधिक योजनाको प्रारम्भ वर्ष २०७६ बाट अघि सारेको मार्गचित्रको पहिलो छ वर्ष बितिसकेको छ । दिगो विकास लक्ष हासिल गरेर मध्यम आय भएको देशको श्रेणीमा उक्लिनुपर्ने समय पनि गुज्रिसकेको छ तर गर्नुपर्ने काम धेरै बाँकी छन् । समृद्ध अर्थव्यवस्थाको परिकल्पना गरिहँदा पन्ध्रौँ आवधिक योजना लागु गरेर वार्षिक औसत ९.६ प्रतिशतको उच्च, फराकिलो र दिगो वृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरिएको थियो । विविध कारणले त्यो लक्ष्य हासिल हुन सकेन । सो अवधिमा औसत वृद्धि तीन प्रतिशतभन्दा तल रह्यो । चालु आवमा आर्थिक वृद्धि पाँच प्रतिशतको हाराहारीमा रहने अनुमान छ ।

अर्कोतिर विगतका दशकमा झैँ यस अवधिमा मूल्य वृद्धिले आर्थिक वृद्धिलाई उछिन्यो । औसत आर्थिक वृद्धि तीन प्रतिशतभन्दा तल हुँदा मुद्रस्फीति दर पुगनपुग छ प्रतिशत रह्यो । कुल गार्हस्थ उत्पादनसँग उपभोगको अनुपात बढ्यो भने बचत, लगानी र स्थिर पुँजी निर्माणका अनुपातका अङ्क घटे । यस अवस्थामा अब बाँकी अवधिमा विगतको क्षति वा अपुगलाई कहिले, कसरी र कताबाट परिपूर्ति गरेर अघि बढ्ने भन्ने अहम् प्रश्न खडा भएको छ ।

छिमेकी देश भारतले पनि सन २०४७ सम्ममा देशलाई आत्मनिर्भर र समृद्ध अर्थतन्त्रमा रूपान्तरण गरी विकसित भारतको गन्तव्यमा पुग्ने दूर दृष्टिकोण घोषणा गरेको छ । विकसित भारतको यस नीतिलाई कार्यान्वयन गर्न संघीय बजेट २०२५ ले कृषि, साना तथा लघु उद्यम, लगानी अभिवृद्धि र निर्यातसमेतका क्षेत्रलाई प्रमुख स्तम्भ घोषणा गरी कर, ऊर्जा, सहरी विकास, खानी, वित्तीय क्षेत्र र नियामक नीतिहरूमा सुधार गर्ने कार्यक्रम ल्याएको छ । यसरी नेपालले होस वा भारतले दीर्घकालीन गन्तव्यमा पुग्न निश्चित परिमाणको लगानी गरी बहुल क्षेत्रमा उन्नत प्रकृतिका रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गरेर गरेर निश्चित विन्दुको वृद्धि हासिल गर्नुपर्ने हुन्छ । भारतले २०४७ सम्ममा विकसित भारतको गन्तव्यमा पुग्न र बेरोजगारी दरलाई पाँच प्रतिशतभन्दा तल झार्न वार्षिक औसत आठ प्रतिशतको वृद्धि हासिल गर्नुपर्ने अनुमान छ ।

नेपालको सन्दर्भमा यो वृद्धिदर अझ उच्च हुनु पर्छ । एकातिर प्राप्त गरेको औसत वार्षिक वृद्धिदर भारतको भन्दा कम छ भने अर्कोतिर २१०० को सोचमा अघि सारिएको समयको छ वर्ष बितिसकेको छ । उक्त अवधिको औसत वृद्धि चाहिने वृद्धिको एक तिहाइभन्दा कम रहेकाले त्यसको पनि पूर्ति गर्नुपर्ने देखिन्छ भने बेरोजगारी दर ११ प्रतिशतभन्दा माथि छ । यस दृष्टिकोणबाट अहिले हामीसँग आर्थिक वृद्धिको प्रसङ्गमा तीन किसिमका दरका कुरा आउँछन् । पहिलो भनेको गन्तव्यमा पुग्न चाहिने दर अर्थात् वार्षिक नौ प्रतिशतमाथिको वृद्धिदर हो । दोस्रोमा सरकारले वार्षिक बजेटमा राख्ने गरेको लक्षित वृद्धिदर जुन विगत दस वर्षदेखि छ देखि साढे सात प्रतिशतमा राख्ने गरिएको छ । तेस्रोमा बर्षेनि हासिल गर्ने गरेको वृद्धिदर पर्छ जुन विगत पाँच दशकदेखि औसतमा चार प्रतिशत मात्र छ । आर्थिक वृद्धिको विषय मानिसको जीवन, आम्दानी, रोजगारी र क्रयशक्तिसँग जोडिन्छ । मूल्य वृद्धिको समायोजनपछि हुने आर्थिक वृद्धिको दर यथार्थ हुन्छ । यो यर्थाथ वृद्धि कमजोर हुनु भनेको नागरिकको क्रयशक्ति कमजोर हुनु हो । यहाँ मारमा पार्ने कुरा के छ भने नेपालको आर्थिक वृद्धिको दरलाई मुद्रास्फीतिको दरले उकाध वर्षबाहेक सधैँ नै उछिन्ने गरेको छ । यसले मानिसको क्रयशक्ति त घटेको छ नै राज्य र व्यक्ति दुवैको सम्पत्तिको यथार्थ मूल्य पनि घट्दै गएको छ वा कतिपय अवस्थामा स्थिर हुन पुगेको छ । यसले अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमतालाई कमजोर बनाएको छ, यसको प्रभाव सार्वजनिक ऋणको अङ्कमा देखा परेको छ । गत पाँच वर्ष अगाडिसम्म कुल गार्हस्थ उत्पादनको ४० प्रतिशत मात्र रहेको सार्वजनिक ऋणको अनुपात अहिले ४७ प्रतिशत पुगेको छ । वार्षिक बजेटको झन्डै एक चौथाइ अङ्क साँवा र ब्याज भुक्तानीमा जाने अवस्था आएको छ, जबकि शिक्षामा र स्वास्थ्यमा विनियोजित रकम कुल बजेटको १५/१६ प्रतिशत मात्र हुन्छ ।

विश्वमा नै अहिले सार्वजनिक ऋणको अङ्क र अनुपात बढेर गएको छ । सन् २०२४ को अन्तर्राष्ट्रिय मुद्राकोषको तथ्याङ्क केलाउँदा विश्वको कुल गार्हस्थ उत्पादनसँग सार्वजनिक ऋणको अंश ९३ प्रतिशत पुगेको छ । अन्कटांडका अनुसार विकासोन्मुख देशका लागि यो औसत अङ्क २०२१ मा ६० प्रतिशत पुगेको छ, जबकि २०१० मा ३५ प्रतिशत थियो । मुद्राकोषका अनुसार विकासोन्मुख देशको ऋणसँग सम्बन्धित सेवा शुल्कसमेतको औसत खर्च अनुपात १० प्रतिशत छ तर नेपालको त्यसभन्दा बढी छ । हुन त आर्थिक वृद्धि फराकिलो, दिगो र स्थायी प्रकृतिको छ भने त्यसबेला निश्चित प्रतिशतको मूल्यवृद्धि आवश्यक हुन्छ, अन्यथा लगानी निरुत्साहित हुन जान्छ । जस्तो अहिले जापान कम्तीमा पनि दुई प्रतिशतको मुद्रास्फीति गराएर लगानीलाई उत्प्रेरित गरी अर्थतन्त्रलाई मन्दीबाट उकास्ने नीति लिएर अघि बढेको छ । किनभने मूल्य नाफासँग जोडिन्छ र जहाँ मूल्य बढ्छ, त्यहाँ नाफा हुन्छ । यद्यपि सामान्य अवस्थामा मूल्य वृद्धिले आर्थिक वृद्धिलाई उछिन्नु हुँदैन ।

नेपाल जस्तो देशका लागि अर्थिक वृद्धिको दर मूल्यवृद्धिको दरभन्दा दोब्बर हुनु पर्छ । लगानी, उत्पादन, मूल्य र रोजगारी अन्तर्सम्बन्धित विषय हुन् । यी कुराको अवस्था र स्थितिले आर्थिक वृद्धिको दर निर्धारण गर्छ । त्यसैले योजना तथा बजेट निर्माण र कार्यान्वयन गर्दा आर्थिक वृद्धि, मूल्य र मुद्रास्फीतिबिच उचित सन्तुलन हुनु पर्छ । यस्तो अवस्थालाई गोल्डिलक्स अर्थतन्त्र पनि भनिन्छ जसलाई अर्थतन्त्रको पूर्ण वा आदर्श अवस्थालाई जनाउँछ । अथवा भनौँ यसले दिगो वृद्धि र पूर्ण रोजगारीसमेतमा स्थिरता रहेको उतारचढाव रहित अवस्थाको सङ्केत गर्छ । यस अवस्थामा न उच्च वृद्धि छ न त मन्दी । कुनै पनि उतार चढावबाट बच्न अर्थतन्त्रले स्थिर वृद्धि पछ्याउँछ । यसले आर्थिक वृद्धि र मुद्रस्फीतिबिच सन्तुलन कायम गर्ने प्रयास गर्छ । आर्थिक वृद्धि अति उच्च भयो भने पूर्वाधारले धान्दैनन् र अर्थतन्त्र जोखिममा पर्छ अनि न्यून वृद्धि भयो भने मन्दी आउँछ, मूल्य भने बढ्छ र कहिलेकाहीँ स्टागफ्लेसनको अवस्था आउँछ ।

मुद्रास्फीति सीमाभित्र रहेन भने त्यसको असर बहुपक्षीय हुन्छ, क्रयशक्ति र उपभोग घटाउँछ, जसले उत्पादनमा प्रतिकूल प्रभाव पर्छ । यद्यपि सबै मुद्रास्फीति खराब हुँदैनन् र मध्यमस्तरको मुद्रास्फीत आर्थिक वृद्धिका लागि स्वस्थकर हुन्छ । यस्तो सन्तुलित वृद्धि त्यतिबेला हासिल गर्न सकिन्छ जतिबेला समष्टिगत आर्थिक स्थायित्व, उत्पादनमा आधारित लगानी र खर्च हुने गरी गरिएको प्रबन्ध, मूल्य स्थायित्व, सुदृढ वित्तीय क्षेत्र, सुशासित तथा पारदर्शी प्रबन्ध र प्रणाली तथा सरकार एवं नागरिकका बिच सघन विश्वासको अवस्था बन्छ ।

तसर्थ सरकारले आगामी आवको बजेट तर्जुमा गर्दा प्रस्तुत अर्थ दर्शनलाई पछ्याउनु उपयुक्त हुन्छ । उपयुक्त अर्थ दर्शनको आधारमा बजेट निर्माण गर्दा आवश्यकता र प्राथमिकताको पहिचान गर्न र लगानीको ढाँचा बनाउन सजिलो हुन्छ, जहाँ लगानीको ढाँचा उपयुक्त बन्छ बजेटका कार्यनीति तर्जुमा गर्न र स्रोतको विनियोजन सही ठाउँमा गर्नमा कुनै अप्ठेरो पर्दैन । अहिले स्रोतमा चाप परिरहेका अवस्थामा स्रोतको व्यवस्थापनमा पनि सहजता आउँछ, सार्जजनिक ऋणको भारलाई पनि वाञ्छित सीमामा राख्न सकिन्छ । यसको अर्थ हाम्रो आउँदो अर्थ-वित्त नीति मुद्रास्फीतिलाई उछिन्ने र स्थायित्व भएको आर्थिक वृद्धि हासिल गर्नमा केन्द्रीकृत हुनु पर्छ ।

# लागुपदार्थ दुर्व्यसन र कानुनको लडाइँ



• प्रकाश अधिकारी

लागुपदार्थको व्यसन र दुर्व्यसन केही दशक पहिलेसम्म नैतिक समस्या र सामाजिक अनुत्तरदायित्वको लक्षण मानिन्थ्यो । लागुऔषध (नियन्त्रण) ऐन, २०३३ ले खास खास प्रकारका वस्तुलाई लागुऔषधको परिभाषाभित्र समेटेर ती वस्तुको खेती, उत्पादन, तयारी, निर्माण, विक्री वितरण, निकासी वा पैठारी, ओसारपसार र सेवन गर्न निषेध गरी दण्डनीय बनाएपछि यो आपराधिक कार्य भएको छ । लागुपदार्थको व्यसनले व्यक्तिको शारीरिक प्रक्रिया र कार्य (प्रोसेस र फङ्सन) लाई परिवर्तन गरेर अल्पकालिक सुखद मनोदशा उत्पन्न गर्छ । यसको प्रयोग स्वास्थ्य र मनोसामाजिक दृष्टिले घातक भएकाले व्यसनीलाई दण्डित गरेर होइन विशेषज्ञद्वारा उपचारको आवश्यकता हुन्छ । मनोचिकत्सक, डाक्टर र सामाजिक कार्यकर्ताद्वारा व्यसनीको व्यक्तित्वको पुनः संरचनामा सहायता गरिनु पर्छ । सोबाहेकका लागुपदार्थको कारोबार वा तस्करीले आर्थिक उपार्जन गर्ने क्षेत्रमध्ये अवैध हातहतियारको तस्करीपछिको दोस्रो स्थान ओगटेको मानिन्छ । यो विशुद्ध आपराधिक कार्य भएकाले सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कानुन र कानुन कार्यान्वयन गर्ने निकाय लागुपदार्थको सेवन र कारोबारलाई निवारण गर्न क्रियाशील रहँदै आएका छन् ।

पश्चिमा देशमा लागुपदार्थ दुरुपयोगलाई लामो समयदेखि मह□वपूर्ण सामाजिक समस्याका रूपमा स्वीकार गर्दिँदै आएको थियो । नेपालमा विद्यमान कानुनको तुलनामा नरम व्यवस्था थियो । अहिले पनि गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपियाँसम्म जारिबानाको सजाय हुने प्रावधानका बाबजुद महाशिवरात्रीका अवसरमा नागा बाबा वा साधुसन्तलाई गाँजा वितरण गर्ने कानुनी दायराभन्दा बाहिरको स्थापित परम्परागत चलन चलिरहेछ । नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफैं उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मका लागि चरेस उत्पादन, सङ्ग्रह, सञ्चय वा खरिद बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई व्यवस्था गर्ने सक्ने छ र सो अनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा अपराध गरेको मानिँदैन । औषधोपचारको निमित्त स्वीकृत चिकित्सकको सिफारिसमा कुनै व्यक्तिले अनुमतिप्राप्त पसलबाट सिफारिसबमोजिमको मात्रामा लागु औषध खरिद गरी सेवन गर्न पाउँछ ।

नेपाल सरकारले वा सरकारबाट विशेष अनुमतिपत्रप्राप्त गरी सरकारको पूर्ण निर्देशन र नियन्त्रणमा रही सरकारको तर्फबाट कुनै संस्थाले औषधी वा वैज्ञानिक अनुसन्धान प्रयोजनका लागि कुनै लागुऔषधको खेती, तयार, उत्पादन, निर्माण वा निकासी पैठारी गर्न वा स्वीकृत चिकित्सकको सिफारिसमा कसैलाई बिक्री गर्नमा कानुनले प्रतिबन्ध लगाएको छैन ।

लागुऔषधको नियन्त्रण वर्तमान विश्वमा चिन्ता, चुनौती र चासो विषय बनेको छ । उर्वर वयका युवालाई यसले गाँजिरहेकाले सामाजिक आर्थिक विकृतिको एक कारक त□वको स्थान लिइसकेको छ । चिन्ताको विषय नेपालले लागुऔषध नियन्त्रण गर्न कुनै मह□वपूर्ण प्रगति हासिल गर्न सकेको देखिएको छैन । अन्तर्राष्ट्रिय विमानस्थलमा अन्यत्रबाट ल्याएको र अन्यत्रै लैजान लागिएको अवस्थाका अफिम, कोका वा सोबाट बनेको लागुपदार्थ (नार्कोटिक्स) उल्लेख्य परिमाणमा आक्कलझुक्कल बरामद हुनुले लागुऔषधको पारगमन केन्द्र जस्तो देखिए पनि नेपाल मूलतः लागुऔषधको गन्तव्य स्थलको रूपमा प्रकट भइरहेको छ ।

लागुऔषध नियन्त्रण सम्बन्धमा राष्ट्रिय अन्तर्राष्ट्रिय सभासम्मेलन आयोजना गर्ने, सहभागी हुने र महासन्धिहरूमा हस्ताक्षर गरेर नियन्त्रणको प्रतिबद्धता जनाउनेमा सरकार अग्रगामी देखिन्छ । कानुन कार्यान्वयनद्वारा नियन्त्रण गर्ने र दण्डद्वारा हतोत्साहित पार्नेसम्ममा राज्यको नीति सीमित देखिँदा 'दिन दुई गुना रात चार गुना' भने जसरी यसको पैठारी, ओसारपसार, बिक्रीवितरण र सेवनमा वृद्धि भइरहेको छ । नेपाल प्रहरी लागुऔषध नियन्त्रणका लागि सरकारको 'फोकल' र 'डेडिकेटेड' एजेन्सी हो जसलाई गृह मन्त्रालयको शाखा महाशाखाले प्रशासनिक सम्पर्क एवं समन्वय गर्छ । सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार जगत् तथा अन्य सरोकारवालाको सहकार्यमा लागुपदार्थलाई निषेध र मदिरा बिक्री वितरणलाई व्यवस्थित गरिने र दुर्व्यसनमा परेका व्यक्तिहरूलाई उपचार र पुनर्स्थापना गरी उद्यमशील र आत्मनिर्भर बनाइने मह□वाकाङ्क्षी सरकारी नीति, कार्यनीति, रणनीति, कार्ययोजना बनाई बुद्धिविलास गर्न भने कुनै कञ्जुस्याँइ गरिएको छैन ।

नेपाल लागुऔषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ ले कुल प्रयोगकर्ता १,३०,४२४ जना, वार्षिक वृद्धि ५.०६ प्रतिशत र कारागारको कैदीबन्दी सङ्ख्याको २१ प्रतिशत व्यसनी खुलाए पनि यो सर्वेक्षणपछि नेपालका नदीमा धेरै पानी बगिसकेको छ । झापा जिल्लामा मात्र २८ हजार लागुऔषधका प्रयोगकर्ता रहेको तथ्याङ्क सुरक्षा निकायसँग छ (पूर्वाञ्चल दैनिक) । सीमावर्ती क्षेत्रमा लागुपदार्थको निर्बाध र सजिलै उपलब्ध हुनु र १६-२५ वर्षका युवाको सेवन र ओसारपासारमा रहेको संलग्नताले नेपालमा यसले व्यावसायिक स्वरूप लिइरहेको छ । न्याय, समानता र स्वतन्त्रताको बिगुल फुक्ने कुनै बेलाको झापा अहिले धरान र काठमाडौँमा लागुऔषध आपूर्ति गर्ने पारगमन भएर विकसित भइरहेको छ । यही अवस्था विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगन्ज र धनगढी जस्ता सीमावर्ती सहरहरूको रहेको छ ।

गाँजा, भाङ, धतुरो जस्ता झार, बुट्यान, फल रैथाने जडीबुटी भई औषधीको रूपमा उपयोग गर्ने गरिन्थ्यो । पखाला लागेको बिमार पशुको अचुक दबाई गाँजा हो । गाँजाको खेती, सेवन, व्यापार आदि गर्ने कुरामा कानुनी प्रतिबन्ध लागे पनि नेपाली गाउँबस्तीमा गाँजाको खेती गर्ने गरिएको र प्रहरी तथा गाँजा खेती गर्नेबिच यदाकदा लुकामारी चलिरहेको पाइन्छ । कतिपयको दृष्टिकोणमा गाँजा खेती आय आर्जनको एक उपयोगी माध्यम हो भन्ने पनि रहेको छ । विश्व स्वास्थ्य सङ्गठनले गाँजा र यसबाट निस्कने चोप (रेजिन) मा औषधीजन्य गुण भएको र कम खतरनाक लागू पदार्थ भएको निष्कर्ष निकालेको थियो । यो निष्कर्षको आधारमा संयुक्त राष्ट्रसंघमा मतदान गरी 'सिङ्गल कन्भेन्सन अन नार्कोटिक्स ड्रग्स, १९६१' को खतरनाक लागुऔषधको अनूसूचीबाट गाँजालाई हटाइएको छ । नेपालले हटाउने पक्षमा मतदान गरेको थियो । हाल ६४ देशले औषधीय प्रयोजनका लागि र करिब आधा दर्जन देशले मनोरञ्जनका लागि गाँजा खुला गरेका छन् ।

लागुपदार्थको सबै प्रकारको कारोबार र सेवन गरी गरिने कसुर नियन्त्रणका अनेक प्रयास भइरहेका छन् । कतिपय लागुपदार्थ कारोबार जोडिएको अपराधमा जन्मकैदसम्म दण्ड हुने प्रावधान छ । विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थाद्वारा लागुपदार्थ नियन्त्रणका लागि कार्यक्रमद्वारा व्यापक रणनीति तयार पारिन्छ । शिक्षा, परामर्श, उपचार एवं पुनर्स्थापनाका कार्यक्रम नियन्त्रणका उपाय हुन् । लागुऔषध (नियन्त्रण) ऐन, २०३३ कार्यान्वयनमा अकाएको लगभग आधा शताब्दी पूरा भइसकेको छ । कानुन कार्यान्वयन गर्दाका अनुभव उपलब्धिपूर्ण छन् । लागुऔषधविरुद्धको जनमत तयार गर्न ऐनले उल्लेखनीय भूमिका खेलेको छ तथापि गाँजाबाहेकका अन्य लागुऔषधको सेवन र कारोबार नियन्त्रण गर्ने चुनौती कायम नै छ ।

लागुऔषध सेवन समवयी मित्र, चिने जानेको मानिस वा अन्य व्यक्तिले गरेको आग्रह अनुरोध (पर्सुएसन) मा, अचेतन अनुकरणद्वारा र ध्यान प्रवीण चिन्तन (रिफ्लेक्टिभ थिङ्किङ) द्वारा सिकेर जानेको व्यवहार हो । सीमा क्षेत्रका युवाहरू व्यसनी हुनुको प्रमुख कारण लागुपदार्थको सर्वसुलभता हो । परिवारमा बाबु वा आमाको अनुपस्थिति तथा दिदीबहिनी भाइबिचले कसिलो मायाको सम्बन्धको अभाव भएमा किशोरहरूले पहिला विद्यालय छाड्छन् र त्यसपछि लागुऔषधको व्यसन सिक्ने गरेको पाइन्छ । सिकाउनेले पहिला निःशुल्क उपलब्ध गराउँछ र व्यसनी भएपछि निरन्तरता दिन पैसाको अभाव हुन्छ । सीमा पारीबाट लागुऔषध पैठारी गरी बिक्री गरी हुने नाफा व्यसनलाई निरन्तरता दिनमा खर्च गर्छन् । नेपालतिरभन्दा सीमापारि नार्कोटिक्स र मनोद्विपक पदार्थ (साइकोट्रपिक सब्स्टान्स) निर्बाध रूपले (अघोषित) सहज र सर्वसुलभ मूल्यमा उपलब्ध हुन्छ । नेपाली ग्राहकलाई बिक्री वितरण गर्ने कार्य प्रहरी प्रशासनले नदेखे जस्तै गर्छ, कडीकडाउ गरिँदैन ।

सीमापारिबाट लागुऔषध ओसारपसार गर्ने खास गरी युवाले सूक्ष्मतम प्रक्रिया अपनाउने र

❖ बाँकी तेस्रो पृष्ठमा

# राजसा महासंघको ह्रासोन्मुख अवस्था ?



• प्रा.डा. बद्रीविशाल पोखरेल

राष्ट्रिय जनसांस्कृतिक महासंघ, तमाम प्रतिस्पर्धी प्रगतिशील तथा प्रगतिवादी कवि र कलाकारको संगठन हो । नेकपा एमालेको जन सङ्गठनका रुपमा परिचित यसको नवौं केन्द्रीय अधिवेशन आगामी बैशाख १७ र १८ गते काठमाडौंमा सम्पन्न हुँदैछ । यसमा देशभरका सातै प्रदेश र घटकका प्रतिनिधिहरु सहभागी हुनेछन् । यसका लागि सबै प्रदेश र जिल्ला अधिवेशनहरु धमाधम भइरहेका छन् । तर आफ्नै जिल्ला र प्रदेशका अधिवेशन हेर्दा अत्यन्त दयनीय दृश्य स्थिति देखिएको छ । सदस्यता वितरण, नवीकरण छैन केन्द्रमा नै यथाशक्ति मासिक लेभी उठाउने पद्धति विकास गर्न सकिएको रहेनछ । प्रदेश अधिवेशनमा कुनै प्रतिवेदन छैन, र कार्य कालको समीक्षा छैन । कामै नगरे पछि आलोचना गर्ने कुरा पनि भएन । कम्तीमा अधिवेशनमा सहभागी कवि कलाकारले केही न केही कलाकर्म सम्बन्धी सैद्धान्तिक वैचारिक खुराक पाउन् भन्ने सामान्य चेत पनि छैन । महासङ्घका विषय विज्ञ व्यक्तित्वलाई आमन्त्रण गरेर सार संक्षेप रुपमा प्रशिक्षित गर्ने सोच छैन । तिनको सहयोग लिएर भए पनि गुणात्मक काम गर्नुपर्छ र सहजीकरण गर्ने इन्चार्ज नै छैन । सबले आफैंलाई मात्र राजारानी सम्झेपछि कुवाँको पानी कसले भरिदिने ? पानी र बानी माथिबाट आउँछ पार्टीका अधिकांश नेताबाट जस्तो सिक्यो त्यस्तै सिकाइ मोर्चा संगठनमा देखिन्छ । स्ववियु निर्वाचनमा अपेक्षित परिणाम नआउनुका पछाडि पार्टी र नेतृत्वको विसंगति प्रमुख रुपमा जिम्मेवार देखिन्छ । शाहीथरि सभासद्ले पश्चिमाञ्चलको निर्वाचन परिणामको पोल खोलिसकेका छन् ।

आलोचना सुन्नै नसक्ने मात्र होइन आफ्नै आरती मात्र उतारु रोज्ने बानी परेको छ । मित्रवत् आलोचना र सुझाव दिँदा दागा धर्ने बानी छ । आफ्नै शरीरको मयल माडेर सफा गर्नुपर्छ र मात्र भन्ने सम्मको चेत नै नेतृत्वमा देखिन्न । मित्रवत् सुझाव र आलोचना सह्य हुँदैन । सुनसरीको अधिवेशनमा चाहिँ आफ्नै जिल्लाको भएकाले गइयो तर उत्साह देखिएन कवि कलाकार र यसको नेतत्वमा सबै खालको इमान्दारिता जरुरी हुन्छ । पुराना गीतमा मात्र भर परेर हुन्न भन्दै जरा अभियानको गीत सुनाएर यस्ता विषय पनि संस्थाको नेतृत्वले मातहतमा प्रवाह गर्न नजानेको देखिन्छ । महासंघका नेतृत्वदायी कवि र कलाकार दूरदर्शी र इमान्दार भएका भए केन्द्रकै अहिलेको जस्तो हालत हुने थिएन । पार्टी र सरकारले उपलब्ध गराएको धन राशि फुपूको श्राद्धझैं नगरेको भए केन्द्रको आर्थिक जग यति बिघ्न कमजोर हुँदैनथ्यो । पूर्व अध्यक्ष तथा सांस्कृतिक अभियन्ता तथा एमाले केन्द्रीय सदस्य खगेन्द्र राईले पदभार ग्रहण गरेपछि ढिकुटी रित्तो देखे । केन्द्रमा मात्र होइन सुनसरीमै पार्टीले मोटो रकम उपलब्ध गाएर किनिएका बादवादन सामग्री हराए र नासिए । यदाकदा सरसहयोग गरे पनि पार्टी र पार्टी नेतृत्व कवि, कलाकार र संस्कृति क्षेत्रका बारेमा प्रायः उदासीन नै देखिन्छ । तिनको सामान्य सोधखोजसम्म गरिन्न । माले र एमाले पार्टीको विस्तारमा जनसांस्कृतिक कर्मीको महान् भूमिका अहिले बिर्सिएको जस्तो लाग्छ । पार्टीका पहलमा संघ गठन र परिचालन गरेपछि यसको नेतृत्वले कम्तीमा सिन्को सम्म नभाँच्दा संगठन निरीह बनेको हो । यस क्षेत्रलाई राम्ररी समेट्नृे हो भने यो क्षेत्र हराभरा हुन्छ । मुख भए मुलुक पाइन्छ भनेझैं केन्द्र र प्रदेश नेतृत्वले बान्की पार्ने हो भने प्रतिभाको ताँती लाग्छ । एउटा निमन्त्रण पत्र वितरण गर्ने हो भने गोष्ठीमा स्रष्टाको बाक्लो उपस्थिति हुन्छ । कोशी प्रदेश कवि कलाकारको गुणात्मक बाहुल्य प्रदेश हो तर भएका गरगहना लगाउन नजानेर हैरान देखिन्छ । अहिले पनि पुराना र नयाँ कवि कलाकार पर्याप्त छन् तर तिनलाई समेट्ने काममा कोशी प्रदेश र जिल्लाहरु मौन छन् । यस क्षेत्रमा संगठनलाई सबै हिसावले चलायमान गराउने नेतृत्वकै अभाव छ । दुई वा तीन वटासम्म जिम्मेवारी हात पाऱ्यो अनि चुपचाप बसेको देखिन्छ । कामै नगरे पनि फेरि पनि आफैं पदासीन हुन आतुर भएको देखिन्छ । अनि अधिकांश कामकाजी र इमान्दार कवि कलाकार भने पदका लागि लाप्पा खेलीखेली

पदासीन हुन आतुर र व्यग्र हुँदा रहेनछन् । यस्तो स्थिति यसै प्रदेश र जिल्लामा देखियो । यसलाई सच्याउन जरुरी देखिन्छ । बेइमान र बदनाम पदका लागि हददर्जाको थेत्तरो व्यवहार गर्दा रहेछन् भने कामकाजी र इमान्दार नेता,कार्यकर्ता, कवि र कलाकारले पनि आवश्यक थेत्तऱ्याइ गर्नु पर्ने रहेछ । जस्तालाई त्यस्तै नगर्ने हो भने एमाले र यसका मोर्चा संगठनमा इमान्दारहरु सधैं पाखा पर्ने निश्चित देखियो । महासंघको केन्द्रमा पनि पाँडे पजनी गरेको थाहा भयो । जनसाहित्यिक संघ केन्द्रको जुम बैठकमा महासंघका केन्द्रीय अध्यक्षले इन्चार्ज तोक्ने र दलबदलु स्रष्टालाई रातारात काखी च्याप्न खोजेका कुरा जानकारी भयो । वरिष्ठ कवि तथा समालोचक द्वय रमेश पोखरेल र डा. हरि प्रसाद सिलबाल मार्फत् यसको जानकारी भयो । टोपबहादुर नहुन् भनेर बेलैमा खबरदारी गर्ने आन्दोलनका इमान्दार सिपाहीहरु प्रताडित भइरहेका छन् । यही कारणले रसुवा जिल्लाका पार्टी अध्यक्ष जनार्दन ढकालजस्ता इमान्दार, कार्यकारी कुशल नेताले पार्टी नै परित्याग गर्नु पर्ने अवस्था आएछ । यही सन्दर्भमा बहुआयामिक क्षमताका कवि कलाकारले यही जिल्ला अध्यक्षमा अन्तिम क्षण सम्म दावा नगर्दा अकवि र अकलाकार अध्यक्ष हुने स्थिति बन्यो । हुनत महासंघको विधान नै त्रुटिपूर्ण देखियो । महासङ्घमा विभिन्न तहको सदस्य र पदाधिकारी बन्न पार्टीको संगठित सदस्यको मापदण्डलाई मात्रै प्रमुखता दिएको देखियो । तह अनुसार कवि र कलाकारिताका निश्चित मापदण्ड हुनु पर्ने विषय विधानमा रहेनछ । सिरदेखि तिरसम्म कार्यकर्ताको मात्र पहिचानले कलाकारिता क्षेत्र समृद्ध हुँदैन । तह अनुसारको विषय,विधा र विज्ञतागत ज्ञान,प्रतिभा र क्षमताबिना कुनै पनि नेतृत्व आफैं स्थापित हुँदैन । यस्तो नेतृत्वले आम जनसमक्ष कुनै पनि खालको प्रभाव पार्न सक्तैन । अध्ययनशील,विचारक र विश्लेषक कार्यकर्ता मात्र जनसमक्ष प्रभाव पार्छ । कम्तीमा पार्टीका नीति सिद्धान्त,कार्यक्रम जनसमक्ष प्रभाव पार्ने र जनमैत्री र मिलनसार कार्यशैली मात्र पार्टी वरिपरि व्यापक जनतालाई गोलबन्द गर्नसक्छ । पार्टी अध्यक्ष ओलीले बारबार र हजारबार पार्टी र मोर्चा संगठनका हर तहका नेता कार्यकर्ताले पार्टीको प्रभाव विस्तार गर्न मिलनसार,मैत्रीपूर्ण तथा विनम्र सम्बन्ध अपरिहार्य रहेको बताउनु भएको छ । तर अत्यधिक नेता र कार्यकर्ता त्यसमा पदासीन कवि र कलाकार छोटे राजा जस्ता छन् ।

राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाली जनवादी कला,साहित्यसित सम्बन्धित अनेक विधा,उपविधाहरुको छाता संगठन हो । यस रुपको सांगठनिक,सिर्जनात्मक तथा सैद्धान्तिक आकार ग्रहण गर्नुमा विगत सांस्कृतिक जागरणको महानतम योगदान र भूमिका रहेको छ ।

उतिबेला जननेता मदन भण्डारी स्वयं कवि कलाकारको महत्व बुझेर यसको समुत्थानमा आफैं सरिक हुनुहुन्थ्यो । पार्टी नेता र कार्यकर्तालाई कविता लेख्न लगाउनु हुन्थ्यो । यसको अर्थ नेता र कार्यकर्तालाई कम्तीमा कविता र कलाकारिताको मर्म र महत्वबोध गराउने उहाँको उद्धेश्य रहेको थियो । मदनले भूमिगत कालमा बोराका बोरा प्रगतिशील पुस्तकहरु भारतबाट मगाएर वितरण गरेको थाहा हुन्छ । संकल्प, वेदना र राल्फा सांस्कृतिक,सांगीतिक तथा साहित्यिक गतिविधि लोकप्रिय बने । यसले पार्टी विस्तारमा विशिष्ट भूमिका निर्वाह गरेको देखिन्छ । अहिले पनि उपर्युक्त खालको देश र प्रदेशव्यापी समसामयिक सांगीतिक अभियानको खाँचो छ । तर एउटा सम्म जनगीत संग्रह प्रकाशन गर्ने सोच कहीँ देखिन्न । तथापि महासंघ केन्द्रले महत्वपूर्ण प्रकाशन गरेको छ र महासंघको उद्घाटन सत्रमा महत्वपूर्ण कृति विमोचन गरिने कुरा उपाध्यक्ष आर. सी. न्यौपानेबाट थाहा भएको छ । . हरेक राजनीतिक आन्दोलन,जागरण र सचेतनतामूलक अभियानमा कवि कलाकारहरु आवश्यक वलिदानी भावनाका साथ क्रियाशील भने । क्रमशः विस्तारित यस कित्ताका लेखक,कलाकारहरुलाई विशिष्ट रुपमा समेट्न आवश्यक भएकाले राष्ट्रिय जनसांस्कृतिक मञ्च (२०४४)को गठन भयो । यसका संस्थापक अध्यक्ष सुप्रसिद्ध विद्वान् तथा संस्कृतिविद् मोदनाथ प्रश्रितको अभिभावकीय भूमिका महानतम रहेको छ ।

तीन सको सिद्धान्त अर्थात् सिद्धान्त,संगठन र सिर्जना जस्ता मूलतः तीन विशेषता र विज्ञता भएको नेतृत्वले मरुभूमि पनि हराभरा बनाउन सक्छ । प्रसिद्ध कवि,गजलकार तथा गायक विजय सुब्बाको अध्यक्षतामा रहेको मञ्च महासङ्घमा रुपान्तरित भएको हो । अहिले महासङ्घको छाताभित्र सातवटा विधागत कला,साहित्यको सञ्जाल समेटिएको छ । ने.क.पा. एमाले केन्द्रीय सदस्य तथा वरिष्ठ कलाकार खगेन्द्र राई का अध्यक्षतामा महासंघ क्रियाशील रहेको थियो । परिवर्तित राजनीतिक परिस्थिति अनुसार महासंघ संघीय अवधारणा अनुसार प्रान्तीय अधिवेसनको तयारीका क्रममा रहेको छ ।

औपचारिक रुपमा प्रगतिशील सिर्जना प्रलेस २००९ देखि सुरु भयो । २०४४ सालदेखि राजसा मञ्च र महासङ्घ हुँदै क्रियाशील देशव्यापी सिर्जनात्मक सञ्जाल बने तापनि सांस्कृतिक रुपान्तरणको गति प्रायः सुस्त रहेको देखिन्छ । अब पनि यस क्षेत्रमा ठोस र प्रभावकारी काम गर्न सकिएन भने हामीले हाम्रो सिर्जना र संगठनको औचित्य पुष्ट गर्न गाह्रो हुने देखिन्छ ।

जबजले निर्देश गरे अनुसार अहिलेको परिवर्तित परिस्थितिमा सामन्ती सांस्कृतिक अवशेष समाप्त पार्ने चरण हो तर यस विषयमा बहससम्म हुन सकेको छैन । । यसरी नियाल्दा हाम्रा बानी, बेहोरा,आचार,विचार सबै सबैमा रहेका पछौटे आत्मिक संस्कृति हटाउन ध्यान दिने एकै छैन ।

संस्कृति समाजलाई गुणाात्मक परिवर्तन गर्ने महान् शक्ति र सामर्थ्य हो । कुनै पनि मानव सभ्यता संस्कृति हीन हुन सक्तैन । आत्मिक संस्कति निर्माण र विकासका मूल आधार दर्शन,चिन्तन,शिक्षा,कला,साहित्य र संस्कृतिका अनेक शखा तथा प्रशाखा हुन् । तिनको पठन,पुनः पठन,अध्ययन,विश्लेषण र विवेचनाबाट मानिसको आत्मिक मानसिक पक्षका अनेक विकृति घटाउन र क्रमशः हटाउन सकिन्छ । अझ यसमा अनेक विधा,विषय,क्षेत्रका कलाकार,साहित्यकारहरुका सिर्जना कर्मको महानतम भूमिका हुन्छ । यसले राजनीतिलाई समेत प्रंभावित पार्छ । आफैं भित्रका विसंगति घटाउन र हटाउन जबजले प्राज्ञिक स्वतन्त्रतालाई यथोचित स्थान दिएको देखिन्छ । कला,साहित्य र संस्कृतिले देश र जनताका पक्षमा सारपूर्ण कलात्मक कला साहित्यका माध्यमबाट जन मनहरुलाई उत्प्रेरित,उद्वेलित,जागरुक तथा उत्साहित काम गर्ने सशक्त रुपले गरिरहेको हुन्छ । अहिलेको परिप्रेक्षमा जबजमा सामन्ती सांस्कृतिक अवशेषहरु समाप्त पार्ने कुरालाई केन्द्रमा राखे पनि काम भने फिटिक्क काम भएको छैन ।

स्रष्टाको आत्मिक संस्कृति उच्चस्तरको हुनु स्वाभाविक हुन्छ । लेखक एउटा समान्य पेटु मानव भन्दा अत्यन्त उँचो हुन्छ । बारबार र हजार बारको पठन संस्कृति,अनवरत लेखन सिर्जन तथा उच्च उदात्त सेवाभावमा समर्पित भएर मात्र उदाहरणीय सर्जक हुन सकिन्छ । मानव सभ्यतालाई असल र उदात्त बनाउन समर्पित स्रष्टाको संस्कृति सरदर मानिस भन्दा अवश्यै उदात्त हुनपर्छ । माओले भनेझैं पढ्नु भनेको देशको सेवा हो । यसको मूल अर्थ देश सम्पन्न भए लेखकको पनि आर्थिक भौतिक स्थितिमा अवश्यै परिवर्तन आउनेछ । तर निरन्तरको पठन,लेखन तथा सिर्जनाको अभ्यास बिना यस क्षेत्रमा गहकिलो योगदान दिन सकिन्न र विशिष्टता हासिल गर्न पनि सकिन्न । एमाले पार्टी अध्यक्ष के.पी.शर्मा ओलीले एक साहित्यिक सभामा निबन्ध,लेख र मन्तव्य छोट्याउन हुन्छ र सकिन्छ तर त्याग र योगदानलाई छोट्याएर महान् उपलब्धि हासिल गर्न सकिन्न भनेझैं फलेको वृक्ष नै फलदायी हुन्छ । फल बिना अर्थात् निरन्तर,अनवरत पठन,लेखन,सिर्जन सहित तिन सको त्रियाआमिक विशेषताका साथ वैचारिक तथा सिर्जनात्मक आन्दोलनमा एकाकार हुनसकियो भने स्रष्टा संस्कृति सार्थक हुनेछ र अनि मात्र ऋषिमनको सर्जक हुन सकिन्छ । कामकाजी भन्दा पदराजी नेतृत्वमा हाबी हुँदा यो क्षेत्र श्रीखण्डै श्रीखण्ड भए पनि खुर्पाका बिँड र अगेनाको दाउरो भएको देखिन्छ । तर सच्चा कलाकारका हातमा परेको माटो वा ढुङ्गो धपधपी बल्छ ।(इटहरी निवासी लेखक राजसा महासङ्घका केन्द्रीय सल्लाहकार हुन् ।)

# हल्दीबारीको कन्चनश्रीमा अस्थाई प्रहरी चौकी स्थापना

झापा(प्रस)। झापाको हल्दीबारी गाउँपालिका वडा नं ५ कन्चनश्री बजारमा अस्थाई प्रहरी चौकी स्थापना भएको छ।



स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गराउन प्रहरी सहायक निरीक्षकको नेतृत्वमा ७ जना प्रहरी रहनेगरी अस्थाई प्रहरी चौकी स्थापना गरिएको हो।हल्दीबारी गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनको अध्यक्षतामा भएको कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले प्रहरी चौकी उद्घाटन गरेका थिए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख, प्रहरी उपरीक्षक मिलन के.सी., अरिदमन गण चारआलीका गणपति प्रमुख सेनानी प्राजु बस्न्यात, सशस्त्र प्रहरी बल नेपाल २ नं गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारी, प्रहरी निरीक्षक मेहेंगी ल्हामु तामाङ, नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, सचिव नविन बिमलीलगायतको आतिथ्यता रहेको थियो ।

त्यस्तै हल्दीबारी वडा नं ४ का वडा अध्यक्ष सन्तकुमार थापा, वडा नं २ का वडा अध्यक्ष शुकलाल राजवंशी, वडा नं ५ का वडा अध्यक्ष खड्गबहादुर लावती, कार्यपालिका सदस्यहरू भगिरथा दाहाल, सुष्मा महरा, वडा सदस्यहरू बिजय फागो,जीवन कन्दङ्वा , राष्ट्रिय प्रजातन्त्र पार्टीका गाउँ समिति अध्यक्ष एकराज रानामगर, नेपाली कांग्रेसका गाउँ सभापति गंगा प्रसाई, नेकपा माओवादीका अध्यक्ष खकेन राजवंशी, नेकपा एमालेका प्रतिनिधि धनकेशर बस्नेत,हरियाली वन समूहका अध्यक्ष झम्विर नेम्वाङलगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। लामो पहलपछि हल्दीबारीको पुरानो बजार कन्चनश्रीमा प्रहरी चौकी स्थापना भएको हो ।

कार्यक्रमको संचालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन महेन्द्रले गरेका थिए। कन्चनश्रीमा अस्थाई प्रहरी चौकीको कमाण्ड प्रहरी सहायक निरीक्षक राजेश पौडेलले सम्हालेका छन् ।

## लागुपदार्थ...

विशिष्ट योजना बनाउने गरेको पाइन्छ । खैरो हिरोइन प्लास्टिकमा पोको पारेर मलद्वार वा मुखमा राख्नु, बालबालिका र सिकारूलाई प्रयोग गर्नु र परिवर्तन गरिरहनु, सीमापार एउटा समूहले गर्ने, गन्तव्यसम्मा अर्कोले र बिक्रीवितरण अर्को समूहले गर्ने गरी सञ्जाल बनाएर काम गर्नु र एक अर्कासित फोनद्वारा नभएर भाइबर, ह्वाट्सएप, म्यासेन्जर जस्ता अनुसन्धान अधिकृतको पहुँचबाहिरका सञ्चार प्रणालीको प्रयोग गरेर लागुपदार्थको ओसारपसार गर्ने गरेको पाइएको छ । योजनाहरू बढी गोप्य र सतर्कतापूर्वक बनाइन्छ, एकअर्कासित उल्लिखित सञ्चार माध्यमले मात्र सम्पर्क हुन्छ, व्यक्तिगत परिचय भेटघाट भएको हुँदैन । सबैको साथबाट लागुऔषध बरामद नहुँदा र सञ्जालभित्र अनुसन्धान अधिकृत प्रवेश गर्न नसक्दा मुख्य मानिस कानुनको घेरा बाहिर रहन्छ र भरियाहरू मात्र पक्राउ परी दण्डका भागी हुने विडम्बनापूर्ण अवस्था लागुऔषध अपराधमा हुने गरेको छ ।

लागुऔषधको दुरुपयोग मानवताको प्रति बढिरहेको खतरा भइसकेको छ । यसले कानुन कार्यान्वयन गर्ने एजेन्सीका लागि जटिल समस्या प्रस्तुत गर्छ भने लागुऔषधका तस्कर र माफिया गलत तरिकाले आर्जित धनधान्यले लेस भएर देशको सामाजिक तानाबानासँग खेलबाड गरिरहेका छन् । व्यसनी आफ्नो अवसाद, कुण्ठा तथा क्रोधको त्वरित उपचार प्राप्त गर्ने उद्देश्यले लागुऔषधको सेवन गर्छन् र शारीरिक, आर्थिक, भावनात्मकका साथ साथै सामाजिक रूपले पनि पीडित हुन्छन् । हाम्रा नीति, रणनीति लागुपदार्थको सेवन र स्थानीय कारोबारलाई कानुनको माध्यमले दण्डित गरेर नियन्त्रण गर्ने मात्र नभएर सीमा नाकाबाट हुने आपूर्ति कडाइका साथ रोक्ने हुनु पर्छ ।

राष्ट्रसङ्घले राष्ट्रिय सरकारलाई विश्वव्यापी स्तरमा सूचना प्रभावी ढङ्गबाट आदानप्रदान र प्रतिबद्धता नवीकृत गराएर लागुऔषध रोकथामका लागि गरिने प्रयासको अभिन्न अङ्ग बनाउने गरेको छ । हामी पनि छिमेकी मुलुकसँग समझदारी गरी मौजुदा संरचनालाई प्रभावी बनाएर यस्तो प्रयास गर्न सक्छौं । सीमा नाकामा गाँजा यताबाट उता, उताबाट हेरोइन र मनोद्विपक औषधी यता आपूर्ति हुन्छ । नेपाल प्रहरीले आशङ्कितलाई गोली प्रहारसमेत गरेर गाँजाको ओसार पसार र निकासी नियन्त्रण गरिरहँदा तदनुरूपको पारस्परिकता हेरोइन र मनोद्विपक औषधीको आपूर्ति रोक्न उतापट्टिबाट भएको देखिन्न । सीमाका कानुन कार्यान्वयन गर्ने निकायबिच नियमित द्विपक्षीय 'समकक्षी बैठक' भइरहन्छन् । त्यस्तो बैठकमा उताबाट हुने आपूर्तिलाई रोकथाम गर्न सूचनाको आदान प्रदान गरी शङ्काको घेरामा रहेकालाई पक्राउ गर्ने सहयोगको समझदारी हुन सकेको छैन ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोविन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१[illegible] | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष**: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । शेयर बजारको साथ मिल्नेछ ।

**वृष**: रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन**: छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट**: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह**: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या**: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला**: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक**: आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु**: आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर**: मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ**: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन**: पारिवारिक जमघटको वातावरण बन्ला ॥ व्यापार, व्यवसायमा पर्याप्त लाभ मिल्नेछ